संघीय संसद

राष्ट्रिय सभा

सत्रौं अधिवेशन

बैठक-२

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१८ बजे*

*बैठक स्थगित :३:०० बजे*

२०८१ माघ २० गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको सत्रौं अधिवेशनको दोस्रो बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१८ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय सदस्य गंगा कुमारी बेल्बासे**ले अछामको ढकारी गाउँपालिकामा १४ वर्षीय इशरा खड्का र १५ वर्षीय सरस्वती खड्काको हत्या भएको बताउँदै दोषीलाई कारबाहीको माग गर्नुभयो।

**माननीय सदस्य गोपी बहादुर सार्की आछामी**ले सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकामा प्रेमिकालाई भेट्न जाँदा २२ वर्षीय दिनेश विश्वकर्मालाई गाउँलेहरूले हत्या गरेको बताउँदै उक्त घटनाको छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो। सिमेन्टको मूल्यवृद्धिका कारण व्यवसायीहरूले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य जग प्रसाद शर्मा**ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीको पहुँचको हक हुने व्यवस्था भनिए तापनि देशभरिका खानेपानी संस्थाहरूलाई २०% कर लगाएर थप समस्या बनाएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तारामान स्वाँर**ले सुदुरपश्चिम सरकारले गोदावरी क्षेत्रमा राजधानी निर्माण गर्न तोके तापनि संघीय सरकारले जग्गा उपलब्ध नगराएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले मौलिक हकअन्तर्गतका कानुनहरू बन्न बाँकी रहेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य माया प्रसाद शर्मा**ले जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पले क्षति पुऱ्याएको जाजरकोट, रुकुम पश्चिम र सल्यानका स्थानीयबासीले दोस्रो किस्ताको राहत रकम नपाएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य शारदा देवी भट्ट**ले देशमा महिला हत्याका घटनाहरू दिन प्रतिदिन बढेको बताउँदै अछाममा दुई किशोरीहरूको हत्या गर्ने दोषीलाई कडाभन्दा कडा सजायको माग गर्नुभयो।

**माननीय सदस्य सुमित्रा बि.सी.**ले जाजरकोटको भेरी नगरपालिकामा चार ठाउँमा सवारीसाधन चेक जाँच गर्ने परिपाटीले जनताहरूले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य सुमित्रा बि.सी.**ले विराटनगर महानगरपालिकाअन्तर्गत वडा नम्बर ५ मा १५ वर्षीय बालिका चन्दा यादवको हत्या भएको बताउँदै यथाशीघ्र छानबिन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो। जाजरकोटमा भूकम्प गएको लगभग डेढ वर्ष बितिसक्दा पनि स्थानीयबासीले राहत रकम नपाएको बताउनुभयो।

**माननीय सदस्य गोपी बहादुर सार्की आछामी**ले ताप्लेजुङको पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा निर्माण गर्न लागिएको केबलकारका विषयमा उत्पन्न विवाद समाधानका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो। कोशी प्रदेशमा विगत लामो समयदेखि हात्ती आतङ्कका कारण जनधनको क्षति भएको बताउँदै उचित व्यवस्थापनको लागि माग गर्नुभयो। बी.पी. राजमार्गअन्तर्गत धुलिखेलदेखि सिन्धुली हुँदै बर्दिबाससम्मको बाटोमा बाढिपहिरोका कारण सवारीसाधन आवतजावतमा समस्या भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। सिमेन्टमा भएको मूल्यवृद्धि न्यूनीकरण गर्नका निम्ति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटा**ले जलवायु परिवर्तनका कारण तराई र पहाडका विभिन्न स्थानमा आगलागीका घटनाहरू बढेको बताउँदै सरकारको ध्यानाकृष्ट गराउनुभयो। विदेशमा रहेका युवा जनशक्तिहरूलाई प्रभावकारी योजना बनाएर स्वदेशमा फिर्ता ल्याउनुपर्नेमा विशेष जोड दिनुभयो।

**माननीय सदस्य जयन्ती देवी राई**ले अछामको ढकारी गाउँपालिकामा १४ वर्षीय इशरा खड्का र १५ वर्षीय सरस्वती खड्काको हत्या भएको बताउँदै दोषीलाई कारबाहीको माग गर्नुभयो। पशुपति क्षेत्र विकास कोषमा कार्यरत ६० जना कर्मचारीहरूलाई जानकारीबिना निष्कासन गरेको भन्दै कर्मचारीहरू आन्दोलनरत रहेको बताउनुभयो। असल जनशक्ति उत्पादन गर्ने शिक्षा क्षेत्र भए तापनि शिक्षा ऐन भने २०२८ सालकै कायम रहेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य पुजा चौधरी**ले २०२३ अक्टोबर ७ मा बन्धक बनेका बिपिन जोशी अझै पनि रिहा नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य बामदेव गौतम**ले राष्ट्रको आवश्यकता भनेको लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समृद्ध समाजवाद भए तापनि सत्तापक्ष र प्रतिपक्षको ध्यान नगएको बताउनुभयो।

**माननीय सदस्य पदम बहादुर परियार**ले दलित समुदायको विकास र अधिकार प्रत्यायोजन गर्ने सन्दर्भमा राज्यले उदासीनता देखाएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो। साना तथा मध्यम वर्गका व्यवसायीहरूका सन्दर्भमा सरकारले विशेष प्रोत्साहन गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित नभएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य जग प्रसाद शर्मा**ले प्रभावकारी रूपमा पुँजीगत खर्च गर्न नसक्नुको कारण उत्पादन वृद्धि र रोजगारी सिर्जना नभएको बताउनुभयो। जाजरकोटको बारेकोट केन्द्रबिन्दु बनाएर

गएको भूकम्पले क्षति पुऱ्याएको जाजरकोट, रुकुम पश्चिम र सल्यानका स्थानीयबासीले दोस्रो किस्ताको राहत रकम नपाएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गोपाल भट्टराई**ले दलित भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको निम्ति ल्याइएको अध्यादेश प्रभावकारी रहेको बताउँदै छिटोछरितो काम गर्नको निम्ति आवश्यक कानुनहरू अध्यादेशमार्फत ल्याउनु गलत नरहेको बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका सभापति माननीय तुलसा कुमारी दाहाललाई **"तिलगंङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापतिले उक्त प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल माघ २४ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)

महासचिव